


# अध्याय -११

## सियोनमा परमेश्वरको ज्यादै चाहना गर्नु

यस अध्यायका मुल पदहरू: भजन ८४; प्रकाश २१:३; भजन १२२; भजन ८७; गलाती ३:२८,२९; मत्ती २८:१८-२०; भजन ४६; भजन १२५।

<u>यस अध्यायको मुलसार पद</u>: *"परमप्रभुका मन्दिरको निम्ति मेरो प्राण इच्छुक छ, र मूर्च्छै पनि पर्छ। मेरो हृदय र मेरो शरीर दुवैले जीवित परमेश्वरको पुकार गर्दछ।" भजन ८४:२।*

सियोनका गीतहरू आनन्द दिने भजनहरू हुन्। ती भजनहरूले सियोन र परमेश्वरको सार्वभौमसत्ताको सुन्दरता र महिमालाई ठुलो बनाउँछ। त्यस परमेश्वरको उच्च महिमा गर्दछ जो पवित्र पहाडबाट आफ्नो शासन चलाउनुहुन्छ। प्रायजसो ती भजनहरूले परमेश्वरको घरको गुनगान गाउँछन् र पवित्र स्थान वा पवित्र मन्दिरप्रति प्रेम प्रकट गर्दछन्। त्यही खालका भावनाहरू अरू भजनहरूमा पनि पाइन्छ। परमेश्वरको मन्दिरमा भजन गर्नेहरू (१ इतिहास ६:३१-३८) र मन्दिरका ढोकाहरूको रेखदेख गर्नेहरूले (१ इतिहास ९:१९) व्यक्तिगत अनुभव गर्दा आशिष पाएका थिए। ती आशिषहरूप्रति हर्षित भएर भजनहरू गाएका थिए।

सियोन नै आशा र आनन्दको स्रोत केले गर्दा भएको थियो? आफ्ना भक्तजनहरूका बीचमा परमेश्वरको जीवित उपस्थित हुनुहुन्छ भनेर सियोनले इङ्गित गर्दछ। जसरी इस्राएलका जनहरू परमेश्वरका चुनिएका मानिसहरू हुन्

(व्यवस्था ७:६) त्यसरी नै सियोन परमेश्वरले चुन्नुभएको पहाड हो (भजन ७८:६८, भजन ८७:२)। परमेश्वरले सियोनबाटै शासन गर्नुहुन्छ (भजन ९९:१,२) र सियोनको पहाडमा उहाँको मन्दिर स्थापना गर्नुभएको थियो (भजन ८७:१)। त्यसकारण, परमेश्वरको आशिष र शरणस्थान सियोन हो। सियोन र यरुशलेम समान्तर रूपमा वा एउटै स्थान भनेर सम्बोधन गरिन्छ। पौराणिक संसारमा यरुशलेम परमेश्वरको मुक्तिको कार्य गर्ने केन्द्रको रूपमा लिइन्थ्यो।

*सियोनबाट बग्ने आशिष पृथ्वीको कुना काप्चामा वहन्छ। परमेश्वरको अनुग्रह र आफ्नो व्यक्तित्व कुनै पवित्र स्थानको सीमामा हुँदैन। सियोन सारा संसारका मानिसहरूको निम्ति आदन्द र हर्ष दिने ठाउँ हो (भजन ४८:२)। त्यसको अर्थ सारा पृथ्वी नै परमेश्वरको हो भनेर ठोकुवा गर्दछ।*

## १. एक दिन तपाईंको दरबारमा हुनु हजार दिनहरूभन्दा उत्तम छ

**परमेश्वरको पवित्र मन्दिरमा रहन भजनको लेखकले किन ज्यादै चाहना गर्छन्? हेर्नुहोस्, भजन ८४:१-४, १० "१ हे सर्वशक्तिमान् परमप्रभु, तपाईंको वासस्थान कति मनोहर छ। २ परमप्रभुका मन्दिरको निम्ति मेरो प्राण इच्छुक छ, र मूर्च्छै पनि पर्छ। मेरो हृदय र मेरो शरीर दुवैले जीवित परमेश्वरको पुकार गर्दछ। ३ हे सर्वशक्तिमान् परमप्रभु, मेरा राजा अनि मेरा परमेश्वर, तपाईंका वेदीको नजिक भँगेरीले पनि बसेरा पाउँछे, अनि गौंथलीले गुँड़ बनाउँछे, जहाँ आफ्ना बचेरोहरूलाई राख्छे। ४ तपाईंको वासस्थानमा बस्ने धन्यका हुन्, तिनीहरू सदैव तपाईंको प्रशंसा गर्छन्।...१० तपाईंको मन्दिरभित्रको एक दिन अरू ठाउँका हजार दिनभन्दा उत्तम छ। दुष्टहरूका पालमा बस्नुभन्दा बरु मेरा परमेश्वरका भवनको ढोके हुनलाई मलाई मन पर्छ।"**

भजनका लेखक परमेश्वरको पवित्र मन्दिरमा आफ्नो स्थायी बसोबास गर्न धेरै इच्छा गर्छन् र मूर्च्छा पनि पर्छन् किनकि उनी परमेश्वरको नजिक सदाकाल रहन चाहन्छन् (भजन ८४:१,२)। परमेश्वरको जीवित उपस्थितिले (भजन ८४:२) पवित्र मन्दिर विशेष स्थान बन्न पुगेको हुन्छ। परमेश्वरका उपासकहरूले मन्दिरमा "प्रभुको सुन्दरतालाई हेरिरहन सक्छन्" (भजन २७:४, भजन ६३:२) र उहाँको मन्दिरको भलोले तिनीहरूलाई सन्तुष्ट पार्दछ (भजन ६५:४)। परमेश्वरसँग सम्बन्ध राख्दा अतुलनीय आनन्द, खुशी र सुखी उपलब्ध हुन्छ उहाँको मन्दिरमा उहाँको स्तुति प्रशंसा हुन्छ (भजन ८४:४), उहाँमाथि भरोसा राख्न सकिन्छ(भजन ८४:१२) र उहाँमा नै बल मिल्दछ

(भजन ८४:५)। सह विश्‍वासीहरूसँग सङ्गति र आराधना गरेर एक आपसको सम्बन्ध सुमधुर हुन्छ र बढ्दछ। परमेश्वरको महिमित राज्य र अनन्त जीवनको स्वादको झलक पवित्र मन्दिरमा उहाँको जीवित उपस्थितिले प्रदान गर्दछ।

**परमेश्वरको मन्दिर वा चर्च भवनमा अरू के आशिषको अनुभव गर्न सकिन्छ? हेर्नुहोस् भजन ८४:५-१२, "५ तिनीहरू धन्यका हुन्, जसको बल तपाईंमा छ, जसले आफ्ना हृदयमा तीर्थ जाने निधो गरेका छन्। ६ तिनीहरू बाकाको बेंसी भएर जाँदा, तिनीहरूले त्यसलाई जलस्रोत बनाउँछन्, शरद् ऋतुको वर्षाले त्यहाँ तलाउहरू बन्दछन्। ७ तिनीहरूले बलमाथि बल प्राप्त गर्छन्, जबसम्म प्रत्येक सियोनमा परमेश्‍वरको सामुन्ने उपस्थित हुनेछैन। ८ हे परमप्रभु सर्वशक्तिमान् परमेश्‍वर, मेरो प्रार्थना सुन्नुहोस्। हे याकूबका परमेश्‍वर, मेरो कुरा सुन्नुहोस्। सेला ९ हे परमेश्‍वर, हाम्रो ढाल हेर्नुहोस्, र आफ्ना अभिषिक्तमाथि निगाह राख्नुहोस्। १० तपाईंको मन्दिरभित्रको एक दिन अरू ठाउँका हजार दिनभन्दा उत्तम छ। दुष्टहरूका पालमा बस्नुभन्दा बरु मेरा परमेश्‍वरका भवनको ढोके हुनलाई मलाई मन पर्छ। ११ किनकि परमप्रभु परमेश्‍वर सूर्य र ढाल हुनुहुन्छ, परमप्रभुले निगाह र इज्जत प्रदान गर्नुहुन्छ। सत्य मार्गमा हिँड्नेहरूलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्चित राख्नुहुन्न। १२ हे सर्वशक्तिमान् परमप्रभु, तपाईंमा भरोसा राख्ने मानिस धन्यको हो।"**

परमेश्वरका आशिषहरू उहाँको पवित्र मन्दिरबाट चम्केको हुन्छ भनेर वर्णन गरिएको छ। त्यो अनुभव उहाँको मन्दिरमा सेवा कार्य गर्नेहरूले पहिला अनुभव गर्दछन् (भजन ८४:४)। त्यसपछि श्रद्धालु जनहरू जो उहाँको मन्दिरतिर यात्रा गर्छन् (भजन ८४:५-१०)। अन्तमा पृथ्वीको सबै कुनाकाप्चामा उहाँको उपस्थितिको अनुभव गर्न सकिन्छ (भजन ८४:७)। साधारण यात्रुहरू आफ्नो यात्रामा थकित हुन्छन्, तर जो पवित्र मन्दिरतिर यात्रा गर्छन् र त्यसको नजिक आउँछन् तब तिनीहरूको बल बढ्न थाल्दछ।

भौतिक रूपमा परमेश्वरका जनहरू पवित्र मन्दिरबाट टाढा नै होलान् वा पन्छिएर बसेका होलान्, तिनीहरूमा परमेश्वरको मन्दिरको छाप **परिनै रहेको हुन्छ। तर त्यो छाप तिनीहरूमा छ भनेर तिनीहरूको योग्य जीवनले देखाउँछ (भजन ८४:११)। जो परमेश्वरको पवित्र मन्दिरमा पस्छन् तिनीहरू धर्मी भनेर सम्बोधन गरिएको छ (भजन १५:१,२)। परमेश्वर सूर्य भनेर सम्बोधन गरिन्छ (याद गर्नुहोस् सूर्य परमेश्वर होइन)।** पवित्र मन्दिरबाट आशिषका किरणहरू पृथ्वीको अन्तसम्म फैलिएको हुन्छ (भजन ८४:११)। यसरी विश्‍वासद्वारा

परमेश्वरसँग टाँसिएर बस्छन् तिनीहरूले उहाँको अनुग्रह पाउँछन्। तिनीहरू जुनसुकै देश र स्थानमा रहेतापनि उहाँको किरण तिनीहरूमा फैलिरहेको हुन्छ।

*प्रकाश २१:३मा हाम्रो निम्ति पृथ्वीको पवित्र स्थानमा के आशा प्रतिबिम्बित गरेको प्रकट गरिएको छ? अहिले नै परमेश्वरको किरणको अनुभवको उपस्थिति गरेर हाम्रो जीवनलाई कसरी सञ्चालन गर्ने?*

## २. यरुशलेमको शान्तिको निम्ति प्रार्थना

**जब तिर्थ यात्रुहरू यरुशलेममा आउँथे तब तिनीहरूको मनोभाव कस्तो हुन्थ्यो? त्यहाँ तिनीहरूले के आशाको अपेक्षा गर्दथे? हेर्नुहोस्, " १ जब तिनीहरूले मलाई भने, "परमप्रभुको भवनमा हामी जाऔं," तब म आनन्दित भएँ। २ ए यरूशलेम, हाम्रा खुट्टाहरू, तेरा ढोकाहरूमा खड़ा भएका छन्। ३यरूशलेम सुदृढ़ रूपले एकसाथ बाँधिएर निर्माण भएको सहरजस्तै छ। ४ इस्राएललाई दिइएका कानूनअनुसार, परमप्रभुका कुलहरू परमप्रभुका नाउँको प्रशंसा गर्न त्यहाँ जान्छन्। ५ त्यहाँ न्यायका सिंहासनहरू छन्, दाऊदको वंशका सिंहासनहरू त्यहाँ छन्। ६ यरूशलेमका शान्तिको निम्ति प्रार्थना गर, "तँलाई माया गर्नेहरू सुरक्षित रहून्, ७ तेरा पर्खालभित्र शान्ति होस्, र तेरा किल्लाहरूभित्र सुरक्षा।" ८ मेरा दाजुभाइहरू र मेरा मित्रहरूका निम्ति म भन्नेछु, "तिमीहरूमा शान्ति होस्।" ९ परमप्रभु हाम्रा परमेश्वरका भवनको खातिर म तेरो भलाइ नै खोज्नेछु। "भजन १२२ ।**

जब तिर्थयात्रीहरू यरुशलेममा पुग्थे तब तिनीहरूमा उल्लासको वातावरण हुन्थ्यो, हर्ष र आनन्दले तिनीहरू भरिपूर हुन्थे। भजन १२२मा त्यस वातावरणको चित्रण गरिएको छ। परमेश्वरका जनहरू यरुशेलममा वर्षको तीन पटक यात्रा गर्दथे। विगत र वर्तमान समयमा परमेश्वरले गर्नुभएको गुणको सम्झनामा त्यो यात्रा गरिन्थ्यो (व्यवस्था १६:१६)। यरुशलेम यहूदी राष्ट्रको जीवनको केन्द्रविन्दु थियो। इस्राएलमा परमेश्वरका विधिहरू छन् भन्ने साक्षी थियो (भजन १२२:४) र परमेश्वरको न्यायको सिहाँसन छ भन्ने सम्झना यरुशलेम थियो। पवित्र भवन वा पवित्र स्थान इस्राएलमा भएको गवाही वा कानुनलाई सम्बोधन गरिन्थ्यो (गन्ती १:५०)। त्यहाँ गवाही पाटीको सन्दुक थियो (प्रस्थान २५:२२)। न्याय गर्न सिहाँसनहरू बसालिन्थे भन्दा यरुशलेममा भएको न्याय प्रणालीलाई चित्रण गर्दथ्यो (२ शमूएल ८:१५)। तिर्थयात्रा गर्ने त्यो समय थियो जब यात्रीहरूले यरुशलेममा न्याय खोज्थे र पाउँथे।

परमेश्वरप्रति बफादार हुनु र मानिसहरूको बिचमा न्याय प्रशासन चलाउने नीति एक आपसमा कहिल्यै पनि अलग गर्नुहुँदैनथ्यो।

**परमेश्वरका जनहरूको मुख्य प्रार्थना के थियो? हेर्नुहोस्,"६ यरूशलेमका शान्तिको निम्ति प्रार्थना गर, "तँलाई माया गर्नेहरू सुरक्षित रहून्, ७ तेरा पर्खालभित्र शान्ति होस्, र तेरा किल्लाहरूभित्र सुरक्षा।" ८ मेरा दाजुभाइहरू र मेरा मित्रहरूका निम्ति म भन्नेछु, "तिमीहरूमा शान्ति होस्।" ९ परमप्रभु हाम्रा परमेश्वरका भवनको खातिर म तेरो भलाइ नै खोज्नेछु।" भजन १२२:६-९।**

यरुशलेमको शान्तिको निम्ति प्रार्थना गर्दा सहर र त्यहाँ भएका बासिन्दाहरूमाथि परमेश्वरका आशिषहरूकालागि **आह्वान** गरिन्छ, यसले आराधकहरूलाई एकत्रित पार्दछ। त्यसले गर्दा तिनीहरूमा शान्ति फैलिन्छ (भजन १२२:८)। यदि परमेश्वर र मानिसहरूको बिचमा सौहाद्रता र शान्ति भयो भनेमात्रै यरुशलेम शान्तिको सहर हुन जान्छ। परमेश्वरका जनहरूकै बिचमा पनि शान्ति र मेलमिलाप हुनुपर्दछ। त्यसकारण यरुशलेममा शान्ति होस् भनेर प्रार्थना गर्दा परमेश्वरका जनहरू परमेश्वर र एक आपस शान्तिसँग जिउन् भनेर अनुरोध गरेको हुन्छ। यरुशलेममा शान्ति भयो भने मानिसहरूको सम्मुन्नति हुन्छ (भजन १४७:१२-१४)।

आफू रहेको देश, विश्वासीहरू र समाजको सम्मुन्नतिको निम्ति प्रार्थना गर्ने परमेश्वरका जनहरूका प्रार्थनाका विषयवस्तु हुनुपर्दछ। यदि परमेश्वरका जनहरू बलियो, फलिफाप, र विश्वासमा एक भयो भने मात्र परमेश्वरको शान्ति र सुसमाचार संसारमा फैलाउन सकिन्छ (यूहन्ना १३:३४,३६)। यरुशलेमको शान्तिको निम्ति प्रार्थना गर्नु विश्वासीहरूको अवसर र कर्तव्य हो, किनभने यरुशलेमले अन्तको समयमा परमेश्वरको शान्तिको राज्य स्थापना गर्नुहुनेछ भन्ने आशालाई जगाइ राख्छ। यरुशलेम सहरमात्र होइन परमेश्वरको राज्यमा सारा संसार समेतिने छ (यशैया ५२:७; ६६:१२,१३; प्रकाश २१-२२)।

***अहिले नै हामी परमेश्वरका जनहरू भएको हैशियतले हामीहरूमा तालमेल हुन कसरी प्रयास गरिरहनुपर्दछ?***

## ३. सियोन सारा राष्ट्रहरूका निम्ति घर

**सियोन अत्यन्तै श्रद्धा र आदरणीय स्थान किन भएको छ? हेर्नुहोस् भजन ८७:१-२ "१ परमेश्वरले आफ्नो जग पवित्र पर्वतमा स्थापना गर्नुभएको छ।**

**२ याकूबका सबै वासस्थानहरूभन्दा परमप्रभु सियोनका ढोकाहरूलाई बढ़ी प्रेम गर्नुहुन्छ।"**

परमेश्वरले विशेष गरि रोज्नुभएको र माया गर्नु भएको सहरको सियोन पर्वतको महिमा गर्दै भजन ८७ रचिएको हो। परमेश्वरको मन्दिरको जग सियोन पहाड हो (भजन २:६, १५:१)। युगको अन्तमा सियोन सबै पहाडहरूबाट उठेर उच्च हुनेछ। परमेश्वरको सर्वोच्च सार्वभौमसत्ता सारा संसारमाथि उच्च छ भनेर यसले देखाउनेछ (भजन ९९:२, यशैया २:२, मीका ४:१)। सियोनलाई पहाड भनेर सम्बोधन गर्दा यसको राजकीय मर्यादालाई देखाउँछ (भजन १३३:३)। परमेश्वरले सियोनका ढोकाहरूलाई मन पराउनुहुन्छ। यो याकूबका सबै बासस्थानहरूभन्दा परमेश्वरलाई मनपर्ने स्थान हो (भजन ८७:२)। इस्राएलमा भएका सबै ठाउँहरूभन्दा सियोन अत्यन्तै श्रेष्ठ ठाउँ हो भनेर व्यक्त गरिएको छ। परमेश्वरका जनहरू जम्मा हुने अरू पनि विशेष स्थानहरू थिए, जस्तै शिलोह र बेथेल। तर सियोन नै किन विशिष्ट ठाउँ हो भनेर औंल्याउँदा परमेश्वरको सत्य आराधना गर्ने ठाउँ उहाँले नै रोज्नुहुन्छ र उहाँकै आदेश अनुसार गरिने आराधना उहाँको सामु मान्य हुन्छ भनेर भजनले पुष्टि गर्दछ।

**सियोनको बारेमा वैभवशाली, महिमामय र गौरवमय विषयहरू भजन ८७:३-७मा उल्लेख गरिएको पढ्नुहोस्, भजन ८७:३-७, "३ हे परमेश्वरको सहर, तिम्रो विषयमा महिमामय कुराहरू भनिएका छन्: सेला ४ "मलाई स्वीकार गर्नेहरूमध्ये म राहाब र बेबिलोनलाई दर्ता गर्नेछु, पलिश्त, टुरोस र कूशलाई समेत, र भन्नेछु, 'योचाहिँ सियोनमा जन्मेको थियो'।" ५ सियोनको विषयमा चाहिँ यो भनिनेछ, "यो र त्यो त्यहीं जन्मेका थिए, अनि सर्वोच्च प्रभुले नै त्यसलाई स्थापित गर्नुहुनेछ।" ६ परमप्रभुले मानिसहरूका नाउँ दर्ता-बहीमा लेख्नुहुनेछ, "योचाहिँ सियोनमा जन्मेको थियो।" सेला ७ सङ्गीत बजाउँदा तिनीहरूले गाउनेछन्, "मेरा सबै पानीका मूलहरू तँमा नै छन्।"**

सियोनको महिमाले सबै राष्ट्रहरूलाई परमेश्वरतिर आकर्षित गर्दछ। परमेश्वरको राज्यका सिमानाहरू सारा पृथ्वीमा नै फैलिएको हुन्छ अर्थात् पृथ्वीका प्रत्येक मानिस उहाँको त्यस पवित्र स्थानमा अटिन्छ। यहूदीहरूलाई छोडेर अरू देशका मानिसहरू दोस्रो दर्जाका हुन् भनेर व्यवहार गरिँदैन। यो ख्याल गर्नु जरुरी छ। प्रभुलाई मुक्तिदाता भनेर ग्रहण गर्ने सबै मानिसहरू आत्मिक रूपमा जन्मशिद्ध नागरिक भएर सियोनमा समावेश हुन्छ।

जन्मदर्ता आफ्नो जन्मेको ठाउँ अनुसार गरिन्छ (नेहमिया ७:५, लूका २:१-३)। भजन ८७:४-६मा राष्ट्रहरू सियोनमा जन्मेका हुन् भनेर उल्लेख गरिएको छ। त्यसको अर्थ प्रभुले तिनीहरूलाई नयाँ परिचयपत्र उपलब्ध गराउनुहुन्छ र सियोनमा जन्मिने सबै नागरिकहरूको जन्मसिद्ध अधिकारले पाएका सबै सुविधाहरूमा तिनीहरू सहभागी हुन्छन्।

यहूदी, गैर-यहूदी वा अन्य जातिहरूले मुक्ति पाउनेछन् भनेर भजन ८७मा औंल्याएको छ। तिनीहरू सबै जना ख्रीष्टको उद्धार गर्ने कार्यमा एक भएर चर्चमा सहभागी हुन्छन् (रोमी ३:२२, रोमी १०:१२, गलाती ३:२८ र कलस्सी ३:११)। भजन ८७मा उल्लेख गरिएको सियोनको फलिफाप दानिएलको दर्शनमा परमेश्वरको राज्यको बारेमा याद दिलाउँछ। त्यो राज्य अत्यन्तै बिशाल भएर अत्यन्तै ठूलो पहाड नै भरिएको हुन्छ (दानिएल २:३४,३५,४४,४५)। परमेश्वरको राज्य अत्यन्तै बिशाल रूख भएर आकाशका चराहरू बस्ने ठाउँ हुन्छ भनेर येशूले पनि आफ्नो अर्तिकथामा भन्नुभएको थियो (मत्ती १३:३२)।

**सारा मानिसहरूलाई सियोनमा अटिनेछ भन्ने धारणाले सारा संसारमा सुसमाचार सुनाउँदा सबै जना चर्चमा एकत्रित हुनेछ भन्ने येशूभावनासँग कसरी मिल्दछ (मत्ती २८:१८-२०)? हामीलाई तीन स्वर्गदूतहरूका सन्देशहरू सुनाउन आह्वान गरिएकोसँग त्यो धारणा कसरी मिल्दछ?**

## ४. सियोनमा सुरक्षा र शान्ति

**काव्यशैलीमा संसारको बारेमा भजन ४६:१-७मा कसरी चित्रण गरिएको छ पढ्नु होस् "१ परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, सङ्कष्टमा सधैं हाजिर रहने सहायता। २ यसकारण हामी डराउनेछैनौं, चाहे पृथ्वी उथलपुथल होस्, वा पर्वतहरू समुद्रको गर्भमा खसून्, ३ चाहे समुद्र गर्जोस् र फींज काढ़ोस्, र चाहे त्यो उर्लेर आउँदा पर्वतहरू थर्कून्। सेला ४ एउटा नदी छ, जसका प्रवाहले परमेश्वरको नगर, अर्थात् सर्वोच्च वास गर्नुहुने पवित्र स्थानलाई हर्षित तुल्याउँछ। ५ परमेश्वर त्यसभित्र हुनुहुन्छ, त्यो खस्नेछैन। झिसमिसेमै परमेश्वरले त्यसलाई सहायता गर्नुहुनेछ। ६ जाति-जातिहरूमा कोलाहल छ, राज्यहरू पतन हुन्छन्, उहाँले आफ्नो सोर उचाल्नुहुन्छ, पृथ्वी पग्लन्छ। ७ सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ। सेला।"**

यस भजनमा संसारमा भइरहेका अशान्ति र उथलपुथललाई स्पष्ट तरिकाले वर्णन गर्दछ। प्राकृतिक प्रकोप प्रचण्ड रूपमा हुने चित्रणहरू यस भजनमा कोरिएको छ (भजन ४६:२,३)। पानी बेस्सरी हल्लिने भन्ने चित्रणले संसारका देशहरूमा भइरहेका विद्रोह र विभिन्न समस्याहरूलाई चित्रण गर्दछ। परमेश्वरलाई विश्वास नगर्ने, नास्तिक र दुष्ट तत्त्वहरूको कारणले संसारमा खैलाबैला ल्याउँछन् भनेर बाइबलले खुलासा गरेको छ (भजन ९३:३,४, भजन १२:२-५)। राष्ट्रहरूमा भइरहेका विभिन्न युद्धहरूले गर्दा नै प्राकृतिक प्रकोप बढ्दछन् र मानवीय कारणहरूले नै दैवीप्रकोपको चलखेल हुन्छ भनेर भजन ४६:६ले चित्रण गर्दछ।

यस संसार परमेश्वरको ज्ञानबिना वा उहाँलाई वास्ता नगरेर चलिरहेको छ भनेर बाइबलले स्पष्ट पार्दछ। जहाँ परमेश्वरका जनहरू हुन्छ त्यहाँ उहाँको उपस्थिति हुन्छ र शान्ति हुन्छ (भजन ४६:४,५)। यद्यपि, संसारले उहाँलाई त्यागेतापनि वा अस्वीकार गरेतापनि उहाँले संसारलाई त्याग्नुभएको छैन। आफ्ना जनहरूको बिचमा रहनुभएर परमेश्वरको उपस्थिति वा उहाँको अस्तित्वलाई प्रमाणित गरिरहेको हुन्छ। संसार जतिसुकै खराब परिस्थितिमा गुज्रिरहेको देखिएतापनि परमेश्वरको उपस्थिति रहिरहेको हुन्छ। यो सत्य धारणाको जगमा नै हाम्रो विश्वास आधारित भयो भने हामीले व्यक्तिगत शान्ति र उत्साह पाउँदछौं। प्रभु नै हाम्रो सिद्ध आश्रय स्थान हुनुहुन्छ। उहाँ सियोनको अनन्त शान्ति र सुरक्षाको स्रोत हुनुहुन्छ। सियोनमा पाइने सुरक्षालाई भजन ४६:३ले उल्लेखनीय रूपमा प्रस्तुत गर्दछ। संसारमा खैलाबैला, अन्योल, अशान्ति, अनिश्चित भएतापनि र अनेकौं युद्धको चपेटामा परेतापनि परमेश्वरका जनहरू सुरक्षित छन्। दुखकष्टको पूरा अभावमा शान्ति हुने होइन तर यो परमेश्वरमा भरोसा राख्ने जनहरूलाई दिने उहाँको बरदान हो। कुनै पनि हलचल नगरि परमेश्वरमा भरोसा राख्ने उहाँको बालकलाई उहाँले शान्ति दिनुहुन्छ र आँधीबेरीको बीचमा उहाँले सुरक्षा दिनुहुन्छ (मत्ती ८:२३-२७)। सबैको मनमा यो प्रश्न उठ्नु स्वभाविकै होः के संसारको दुष्ट, अनेकौं खराब आविष्कारहरूको हातमा नै सदाको निम्ति परमेश्वरले छोड्नुहुन्छ र? के खराब तत्त्वले यस संसारलाई सधैं नियन्त्रण गर्न दिइरहनुहुन्छ र?

**यस संसारमा हुने अनेकौं हिंसा, हत्या, अनैकता र ध्वस्त चर्तिकलाहरूप्रति परमेश्वरको प्रत्युत्तर के छ सो भजन ४६:६-११ पढ्नुहोस्: "६ जाति-जातिहरूमा कोलाहल छ, राज्यहरू पतन हुन्छन्, उहाँले आफ्नो सोर**

उचाल्नुहुन्छ, पृथ्वी पग्लन्छ। ७ सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्‍वर हाम्रो शरणस्थान हुनुहुन्छ। सेला ८ आओ, परमप्रभुका काम हेर, उहाँले पृथ्वीमा ल्याउनुभएको उजाड अवस्था। ९ उहाँले पृथ्वीको पल्लो छेउसम्मै युद्धहरू रोक्नुहुन्छ। उहाँले धनु भाँच्नुहुन्छ, र भालाहरू टुक्रा-टुक्रा पार्नुहुन्छ, उहाँले ढालहरूलाई आगोले भस्म पार्नुहुन्छ। १० "शान्त होओ, र म परमेश्‍वर हुँ भनी जान। जाति-जातिहरूमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु।" ११ सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्‍वर हाम्रो शरणस्थान हुनुहुन्छ। सेला।"

यस संसारमा भइरहेका दुष्टको क्रियाकलाप प्रति परमेश्वर अत्यन्तै क्रोधित हुनुभएको छ। उहाँकै वचनले यस संसार रचिएको थियो भने अब उहाँकै स्वरले यो संसार पग्लिनेछ (भजन ४६:६)। तर पग्लिनुमा नै संसार ध्वस्त हुने होइन तर यस संसारलाई उहाँले पुनर्स्थापित गर्नुहुन्छ वा नविकरण गर्नुहुन्छ। परमेश्वरले आफ्नो शान्ति सियोनबाट फैलाउँदै पृथ्वीको अन्तसम्म हुन्छ भन्ने वाक्यलाई याद गर्नुहोस्। परमेश्वरले नै युद्धहरूको अन्त्य गर्नुहुनेछ र दुष्टहरूका अनेकौं हतियारहरू पनि उहाँले नष्ट गर्नुहुनेछ। आणविक र अनेकौं मिसायल जस्ता हतियारहरू आविष्कार गरेर र थुपार्ने दुष्ट राष्ट्रहरूले कमजोर राष्ट्रहरूलाई दवाउँछन् (भजन ४६:९)। परमेश्वरले त्यसलाई सखाप पार्नुहुनेछ। येशूभक्तहरूका निम्ति यो महान् आशा हो। येशूको दोस्रो आगमनमा यो आशाले मूर्त रूप दिनेछ।

***अहिले नै संसारमा भइरहेका अनेकौं खराब क्रियाकलाप, युद्ध, अनैतिक चर्तीकलमा पनि हामीमा परमेश्वप्रति भरोसा र शान्ति पाउन कसरी सिक्ने?***

## ५. नहल्लिने र नसर्ने सियोन पहाड

**परमेश्वरलाई विश्‍वास गर्ने र उहाँमाथि भरोसा राख्नेहरूको चित्रण भजन १२५:१,२मा कसरी चित्रण गरिएको छ? हेर्नुहोस्, "१ परमप्रभुमा भरोसा राख्नेहरू सियोन पर्वतझैं छन्, जसलाई हल्लाउन सकिँदैन तर सदासर्वदै स्थिर रहन्छ। २ पहाड़हरूले यरूशलेमलाई घेरेझैं, परमप्रभुले आफ्ना जनहरूलाई आज अनि सदासर्वदा घेरिराख्नुहुन्छ।"**

परमेश्वरमा भरोसा राख्नेहरू सियोन पहाडसँग तुलना गरेको छ। यो बलियो र स्थिर अर्थात् चिरस्थायी छ। सियोन पहाडको वरिपरि रहेको यरुशलेम सहर त्यस पहाडबाट हेर्दा भव्य र गौरवशाली थियो। भजनका

लेखकले यस दृश्यबाट प्रेरणा पाएर परमेश्वरको सुरक्षाको निश्चियतालाई स्वीकारेका थिए (भजन ५:१२, भजन ३२:७,१०)। दुष्टहरूले शासन गरेका पहाडहरू समुद्रमा फ्याँकिनेछ (भजन ४६:२) तर यरुशलेम सहरले घेरैको पहाड स्थिर रहनेछ। यरुशलेम सहर परमेश्वर प्रतिको अगाढ भरोसामा निर्माण भएको थियो। दुष्टहरूको रजाईंले गर्दा कष्टको समयमा परमेश्वरको सुरक्षा अझ बलियो भएको भनेर उहाँमाथि भरोसा राखिन्छ। खराब, दुष्टहरूको विगिविगीमा पनि परमेश्वरका जनहरूमा आशा पलाउन सकिन्छ।

**धर्मी वा येशूभक्तहरू पनि प्रलोभन वा परीक्षामा पर्छन् भनेर भजन १२५:३-५मा उल्लेख गरिएकोछ। हामीले त्यसबाट के सिक्नुपर्दछ? हेर्नुहोस्, "३ दुष्टहरूको राजदण्ड धर्मीहरूका निम्ति राखिएको देशमा रहनेछैन, नत्रता धर्मीहरूले आफ्ना हात अधर्मतिर लगाउनेछन्। ४ हे परमप्रभु, असल गर्नेहरूलाई असलै गर्नुहोस्, तिनीहरूलाई जसका हृदय सोझा छन्। ५ तर कुमार्गतिर लाग्नेहरूलाई परमप्रभुले दुष्ट काम गर्नेहरूसँग निर्वासित गर्नुहुनेछ। इस्राएलमा शान्ति होस्।"**

दुष्ट र अधर्मीहरूको फलिफाप, सफल र उन्नति हुँदा कतिपय समयमा परमेश्वरका भक्तहरू निराश हुन सक्छ। ती अधर्मीहरूकै बाटोमा लाग्ने लोभ पनि तिनीहरूलाई लाग्न सक्छ (भजन ७३:२-१३, ९४:३)। तर परमेश्वरका भक्तजनहरू उहाँको बाटो वा नीतिमा लाग्न छोड्यो भने सियोन पहाड जतिसुकै बलियो भएतापनि तिनीहरू सुरक्षित हुन सक्दैन। मानिसहरूलाई दुष्ट काम गर्न (भवन १२५:३) र भ्रष्ट बाटोमा हिँड्न (भजन १२५:५) अझै स्वतन्त्रता पाइरहेका हुन्छन्। विद्रोही र पश्चात्ताप नगरेका व्यक्तिहरूप्रति उहाँले उचित न्याय गर्नुहुन्छ। भक्तजनहरू पनि परमेश्वरको मार्गबाट बरालिएर जान रोज्छन् भने तिनीहरूलाई पनि दुष्टै सरह न्याय गरिनेछ।

परमेश्वरका जनहरू विश्वासमा नडगमगिएर बस्न र प्रभुमा भरोसा राख्न आह्वान गरिएको छ। जसरी सियोन पहाड नहल्लिने आश्रय दिने पहाड हो त्यसरी नै विश्वासी जनहरू आस्थामा जबर भएर बस्नुपर्दछ। त्यसको अर्थ, कतिपय समयमा कतिपय कुराहरू हामीले बुझ्न सक्दैनौं तैपनि परमेश्वरको भलाइ वा गुणमा भरोसा राखिरहनु अनिवार्य छ। "संसारमा पापको प्रवेश, येशू ख्रीष्टको मानवीय अवतार, पुनर्जीवन, पुनरुत्थान र बाइबलमा प्रस्तुत गरेका धेरै विषयवस्तुहरू कतिपयको निम्ति रहस्यमय छन्। मानव दिमागको निम्ति ती गहिरा विषयहरू छन् जुन व्याख्या गर्न सक्दैन न त पूरै बुझ्न सकिन्छ। तर

परमेश्वरको क्रियाकलाप हाम्रो निम्ति रहस्यमय भएतापनि उहाँको वचनमा शङ्का गर्न हाम्रो कुनै कारण छैन...हाम्रो दिमागले नभ्याउने प्राकृतिक जगतमा अचम्म थोकहरू जताततै छन्। त्यसै गरी आत्मिक जगतमा पनि हामीले बुझ्न नसक्ने रहस्यहरू छन् भन्ने कुरामा के हामी छक्क पर्नुपर्छ र? समस्या त हाम्रो कमजोर र सानो दिमागको हो। कतिपय विषयहरू हाम्रा निम्ति रहस्यमय नै भएतापनि हामीले बुझ्न सक्ने गरी पर्याप्त प्रमाणहरू र तिनीहरूको ईश्वरीय स्वभावहरू हामीलाई प्रकट गरेका छन्। हामीले बुझ्न नसकेतापनि उहाँको वचनमा शङ्का गर्नु उचित हुँदैन। परमेश्वरका सबै थोकहरूका रहस्यहरू हामीले बुझ्न सक्दैनौं भनेर हामीले महसुस गर्नै पर्छ।"-एलेन जी. ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. १०६,१०७।

**उपसंहारः**

**थप जानकारीः यशैया ४० र यशैया ५१ः१-१६मा ध्यानमग्न हुनुहोस्।**

सियोनका गीतहरूले सियोनमा पूर्ण समर्पित जीवन बिताइरहन सजग गराउँछ। परमेश्वरमा जीवित आशा र उहाँको सार्वभौम शासनलाई सियोनले प्रतिनिधित्व गर्दछ। यस जीवनमा परमेश्वरको पवित्र स्थानबाट पाउने धेरै आशिषहरूको अनुभव हामी गरिरहेका हुन्छौं, यद्यपि, पूर्ण सन्तुष्टी जीवन र सियोनमा पाउने अत्यानन्द अझ भविष्यको मामिला हो। परमेश्वरका धेरै सन्तानहरूले आँशु झार्दै स्वर्गको सियोनप्रति लालायीत भइरहेका हुन्छन् (भजन १३७ः१)। जब हामी सियोनको बारेमा सोच्छौं त्यो केवल औपचारिक र कहिलेकाहीं मात्र सोच्ने वा चर्चमा जाँदा भावपूर्ण हुने मात्र होइन तर जीवनको प्रत्येक क्षणमा सियोनप्रति सजग भइरहनुपर्दछ र सियोनका नीतिहरू अनुसार जिउन प्रतिवद्ध हुनुपर्दछ (प्रस्थान १३ः३, २०ः८)।

त्यसकारण, सियोनका भजनहरू गाउँदा हृदयदेखि नै परमेश्वरको राज्यको पुनर्स्थापना हुने आशालाई जगाइ राख्नुपर्दछ। यो पुनर्स्थापना नयाँ पृथ्वीमा हुनेछ (प्रकाश २१ः१-५)। "त्यहाँ अजम्मरी जीवन पाएका जनहरूले परमेश्वरका सृष्टि गरिने शक्तिका अचम्म क्रियाकलापहरू र मुक्ति दिने प्रेमका रहस्यहरूप्रति ध्यानमग्न भएर अटुट आनन्दको निरन्तर स्वाद लिनेछन्। परमेश्वरलाई बिर्सिदिने कुनै पनि निष्ठुर र धोका दिने तत्वहरू त्यहाँ हुनेछैन। शरीर र दिमागका प्रत्येक क्षमताको विकाश गरिनेछ।

प्रत्येक प्रतिभालाई बढाउने अवसर मिल्नेछ। ज्ञानको प्रवर्धन गर्ने प्रक्रियालाई दिमागलाई थकित बनाउनेछैन र बलहरूलाई पेलान गरिनेछैन। मानिसहरूका महान् र उच्च आकाङ्क्षा वा योजनाहरूको कार्यान्वयन गर्न अघि बढ्नेछ। मानिसहरूको उच्च चाहनाको पूर्ति हुनेछ। अत्यन्तै उच्च चाहनाहरू वास्तविक रूपमै महसुस गरिनेछ। अझ नयाँ र उच्च शिखरमा पुग्ने चाहना उब्जिनेछ। नयाँ अचम्मका वस्तुहरूका गुणहरूप्रति मानिसहरू आकर्षित हुनेछ र तिनीहरूको सराहना गरिनेछ। नयाँ सत्यहरू बुझ्न निरन्तर रूपमा प्रयास गरिरहनेछ।ताजा र नयाँ थोकहरूले मानिसहरूका दिमाग, आत्मा र शारीरिक शक्तिलाई सक्रिय बनाउन आह्वान गरिनेछ।"-एलेन जी. ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६७७।

परमेश्वरका यात्रीहरूले सियोनलाई नबिर्सिन प्रतिबद्ध भइरहनुपर्दछ। यो संसार तिनीहरूको निरन्तर रहने घर हो भनेर तिनीहरूले स्वीकार गर्नेछैन। तिनीहरूका अनन्तको घर नयाँ स्वर्ग र नयाँ पृथ्वी हो भनेर तिनीहरूमा आँखा गाढिरहनुपर्दछ।

त्यसकारण, यदि नयाँ यरुशलेमा रहने इच्छा गर्दछन् भने सियोनका भजनहरू सबै पुस्तामा रहने विश्वासीले गाइरहनुपर्दछ (प्रकाश ३:१२)। सियोनका भजनहरूले भविष्यको संसारको आशामा सहभागी हुन उत्साहित गराउँछ, त्यसको फलस्वरूप वर्तमान युगमा बाँचिरहेका परमेश्वरका जनहरू उहाँका अनुग्रहका माध्यमहरू हुन कतिबद्ध भइरहनेछन्।

**चिन्तनमनन:**

अ. **पौराणिक इस्राएलमा भएको यरुशलेम परमेश्वरका जनहरूको आत्मिक र धर्मदर्शनको केन्द्रविन्दु थियो। बर्तमान चर्च आत्मिक र धर्मदर्शनको केन्द्रविन्दु भएर संसारमा परमेश्वरको लक्ष्य पूरा गर्न हामी कसरी अग्रसर हुने?**

आ. **आज पनि विश्वासीहरू परमेश्वरको पवित्र स्थानमा कसरी रहन सक्नुपर्दछ (यूहन्ना १:१४-१८, हिब्रू १२:२२-२४)।**

इ. भजन ८७ मा कल्पना गरेको अनुसार सियोन सारा राष्ट्रहरूको सहर कसरी हुनेछ (रोमी ५:१०, एफिसी २:२२-१६, कलस्सी १:१९-२३)।

ई. **धेरै धर्मी र असल मानिसहरूले दुःखकष्ट पाइरहेको तर दुष्टहरूको अत्यन्तै फलिफाप भइरहेको परिवेशमा त्यसप्रति प्रश्न उठाउनेहरूलाई हामीले कसरी जवाफ दिने? यस संसारमा हामीसँग सबै प्रश्नका जवाफहरू छैन भनेर स्वीकार गर्नु किन महत्त्वपूर्ण छ?**

## कथा ११
# गुमीरहेको परमेश्वर
## झरेन्द्र (भारत)



भारतको उत्तरपूर्वी प्रान्तमा चीनसँग सिमाना जोडिएको एउट सानो सहरमा झरेन्द्र जन्मेर हुर्केका थिए। त्यहाँ सबैले सबैलाई चिन्दथे। सबैले विभिन्न देवीदेवताहरूलाई पूजा गर्दथे। त्यहाँमा मानिसहरूले ढुङ्गा र काठका मूर्तिहरूलाई पूजा गर्दथे। तिनीहरूले येशूको मूर्तिलाई पनि पूजा गर्दथे। तिनीहरूले सूर्य र चन्द्रमालाई पूजा गर्दथे। जब त्यहाँ धार्मिक पर्वमा विदा हुन्थ्यो सबै जना कि त मन्दिरमा, कि त चर्चमा वा सडकमा उत्सब मनाइन्थ्यो।

एक दिन १२ वर्षको झरेन्ड्र सहरका पसलहरूमा घुम्दै थियो। उनको आँखा येशूको एक सुन्दर पोस्टरमा पऱ्यो। त्यो फोटो ठुलो थियो र येशू क्रूसमा झुन्डिरहनुभएको फोटो थियो। त्यो पोस्टरको गुणस्तर धेरै उच्च थियो। त्यस फोटोमा भएको प्रत्येक विवरण आकर्षित थियो। उसले घरमा लान चाह्यो।

झरेन्द्रलाई येशूको बारेमा धेरै थाहा थिएन। येशू महाशक्ति हुनुहुन्छ भनेर मात्र उसलाई थाहा थियो। उहाँ सहरमा भएका धेरै देवीदेवताहरूमा एक थिए भन्ने ज्ञान थियो। त्यसकारण, उसले त्यो पोस्टर किन्यो।

जब ऊ घर जाँदै थियो तब त्यो सुन्दर फोटो कहाँ राख्ने भनेर सोच्दै गयो। परिवारको विशेष पूजा कोठा थियो भनेर उसले सम्झे। त्यस कोठामा धेरै देवी देवताहरूका फोटोहरू थिए। प्रत्येक दिन आमा त्यहाँ गएर त्यहाँ ती देवताहरूलाई ढोगेर पूजा गर्थिन्। परिवारका अरू सदस्यहरूले पनि ती देवीदेवताहरूलाई पूजा गर्थे।

तर त्यस पूजा कोठामा येशूको फोटो थिएन। झरेन्द्रले येशूको फोटो झुन्ड्याएर अरू देवीदेवताहरूलाई जस्तै परिवारले पूजा गरून् भनेर सोच्यो। जब घरमा पुग्यो तब बाबुको हथौडा र किला लिएर त्यो फोटोलाई झुन्ड्याउन किला ठोक्दै थियो। त्यसबेला उसको आमा कोठामा के भइरहेको छ भनेर हतपत आइन्। उसलाई केही नभनि उनले झरेन्द्रलाई गालामा चडकन दिइन्। त्यो चड्कनले उनको गाला दुखायो र सोध्यो, "मलाई किन पिट्नुभएको?" के गर्दा दण्ड पाएको उसले जान्न चाह्यो।

"हो, येशू परमेश्वर हुनुहुन्छ तर उहाँ हाम्रो परमेश्वर होइन," येशूलाई औँल्याएर भनिन्। "त्यो फोटो तुरन्तै निकाली हाल," उनले कडा शब्दमा अऱ्हाइन्। झरेन्द्रले भित्ताबाट किला ओखलेर फोटो निकाल्यो अनि आमा कोठाबाट बाहिर गइन्।

देवीदेवताहरूको बीचमा येशूको फोटो आमाले किन राख्न नचाहेको भनेर सोच्यो। तर त्यो फोटोलाई नफ्याँक्ने वा थन्क्याउन चाहेन। येशू पूजनीय हुनुहुन्छ भनेर उसले आभास पाएको थियो। पोस्टर निकालेर कोठाबाट बाहिर निस्क्यो। ढोका खोल्दा त्यो सुन्दर फोटो ढोकामा नै झुन्ड्याउन उसल उपयुक्त थान्यो। उसले ढोकामा नै येशूको फोटो ठोक्यो। त्यो फोटो देखेर उसलाई रमाइलो मानिरहेको थियो। देवीदेवताहरूका बीचमा येशूको फोटो राख्न नचाहेतापनि अब ढोकामा राख्दा पूजा कोठामा पस्दा सबैले येशूलाई पहिला देख्ने छ भनेर उसले सोच्यो।

त्यसपछि झरेन्द्र र उसको परिवारले येशूको फोटोलाई दिनदिनै देख्यो। त्यसपछि झरेन्द्रले येशूको बारेमा धेरै ध्यान दिएन। जब ऊ ठुलो भयो र आफू नाराज भएको बेलामा बाइबल पढंन थाल्यो र विभिन्न चर्चहरूमा जान थाल्यो। एक जना साथी जसले सेभेन्थ-डे एडभेन्टिस्ट चर्च छोडेको थियो, झरेन्द्रलाई भन्यो, "तिमी  चर्चमा सलघ्न हुन चाहन्छौ भने सेभेन्थ-डे एडेन्टिस्ट चर्चमा जानु। तिनीहरूले सत्य सिकाउँछ।" झरेन्द्र एडभेन्टिस्ट चर्चमा गयो र त्यहाँका प्रवचनहरूले उसको मन छोयो र तुरन्तै बप्तिस्माको निम्त पास्टरसँग अनुरोध गऱ्यो। ऊ सत्य चर्चमा छ भनेर उसले महसुस गरेको थियो। "तिमीले बाइबल अध्ययन गऱ्यो भने मात्र तिमीलाई बप्तिस्मा दिन्छ नत्र कसैलाई त्यतिक्कै बप्तिस्मा दिँदैन।"

बाइबल अध्ययन पछि उनले बप्तिस्मा लियो तर उसलाई परिवारबाट निकाली दियो। आफूले ठिक निर्णय गरेको उसलाई निश्चित थियो।

"मेरो परिवारमा येशूभक्त हुने म पहिलो व्यक्ति हुँ," उसले भन्यो। धेरै वर्षपछि उसको भाइ पनि चर्चमा सरिक भयो।

भावनाले होइन तथ्यले उसले येशूलाई विश्वास गर्न पुगेको उसले बतायो। उहाँ सबै देवीदेवताहरूभन्दा माथि हुनुहुन्छ भनेर बतायो।

यदि कोही मानिस भावनाहरूमा मात्र आधारित भएर येशूलाई विश्वास गऱ्यो भने आफ्नो भावनामा चोट पऱ्यो भने  इसाई जीवनको यात्रामा येशूलाई छोड्न सक्छ। तर यदि कोही तर्क गरेर र नीति अपनाएर येशूलाई पछयायो भने उसको आत्मिक यात्रा अन्तसम्म हुन्छ भनेर उसले थप्यो।